कावासोती नगरपालिका

शिक्षा शाखा

विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७

| क्र. सं. | कार्य योजनाका क्रियाकलाप | कार्यान्वयन प्रक्रिया | समयावधि | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | तथ्यांक व्यवस्थापन ( संकलन ) | | | | |
| १.१ | बसाइ स्थानान्तरण भएका तथा विद्यालय परिवर्तन गर्ने ( कक्षा उन्नति भई जाने समेत) विद्यार्थीको विवरण | • विद्यालयको सेवा क्षेत्र भित्रका वालवालिकाका (विद्यार्थी) विवरण संकलन गर्न सूचना जारी गर्ने, विद्यार्थी अभिलेखिकरण ( भर्ना ) गर्ने<br>• विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका विद्यार्थीको विवरण IEMIS मा अद्यावधिक गर्ने । | असोज दोस्रो हप्ता सम्म | विद्यालय | • शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• नगरपालिका शिक्षा शाखा |
| १.२ | वैकल्पिक सिकाइमा विद्यार्थीको पहुँच सम्वन्धी तथ्यांक | वैकल्पिक सिकाइका विभिन्न माध्ययममा विद्यार्थीको सुविधा पुगे नपुगेको सम्वन्धमा देहायका वर्गीकरण सहितको तथ्यांक संकलन गर्ने ।<br>• सबै किसिमको प्रविधिको पहुँचभन्दा वाहिर रहेका विद्यार्थी ।<br>• रेडियो, एफ एम रेडियोको पहुँच भएका विद्यार्थी<br>• टेलिभिजनमा पहुँच भएका विद्यार्थी,<br>• कम्प्यूटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी,<br>• इन्टरनेट तथा सूचना सन्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी<br>❖ अभिलेखिकर भएका विद्यार्थीहरुको माथि उल्लेखित पहुँचको आधारमा तयार पारिएको तथ्यांक नगरपालिका शिक्षा शाखामा बुझाउने । | असोज दोस्रो हप्ता सम्म | विद्यालय | नगरपालिका शिक्षा शाखा<br>सम्वन्धित वडा कार्यालय |
| २. | पाठ्यपुस्तक सुनिश्चितता | • सामुदायिक विद्यालयमा अभिलेखिकरण भएका सबै विद्यार्थीलाई पाठ्यपुस्तक पुऱ्याउने ।<br>• संस्थागत विद्यालयमा अभिलेखिकरण भएका विद्यार्थीका | असोज दोस्रो हप्ता सम्म | विद्यालय र शिक्षा शाखा कावासोती | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |

यज्ञ पुरी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | अभिभावक मार्फत पाठ्यपुस्तक सवै विद्यार्थीसंग पुऱ्याउन विद्यालयबाट अभिभावकलाई सूचना जारी गर्ने र पाठ्यपुस्तक पुगेको सुनिस्चिता गर्ने, | | | |
| ३. | शुल्क प्रस्ताव | • संस्थागत विद्यालयहरुले विद्यार्थीको सुविधा पुगे नपुगेको सम्वन्धमा वर्गीकरण सहितको तथ्यांकका र सो वर्गीकृत विद्यार्थी समुहका लागि सिकाई सहजिकरण ढाँचा तथा मुख्या क्रियाकलप सहित शुल्क प्रस्ताव गर्ने<br>• विद्यालयगत शुल्क प्रस्ताव संकलन गरी प्रचलित कानूनको आधारमा रही शुल्क निर्धारण कार्यदलबाट शुल्क निर्धारण गर्ने | असोज दोस्रो हप्ता सम्म | विद्यालय र नरगपालिका | नगरपालिका शिक्षा शाखा सम्वन्धित वडा कार्यालय |
| ४. | शिक्षक कार्यस्थलमा पुग्ने | • कुनै कारणले विद्यालयमा पुग्न नसकेका शिक्षकलाई कार्यस्थलमा पुग्न सूचना जारी गर्ने, र पुगेको सुनिश्चिता गर्ने | असोज पहिलो हप्ता सम्म | नगरपालिका शिक्षा शाखा | • स्थानीय प्रशासन<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• विद्यालय |
| ५. | शिक्षक निर्देशिका तयार गर्ने | • पाठ्यवस्तु समायोजन ढाँचा-२०७७, अनुसार शिक्षकको सहयोग आवश्यक हुने ( core content) मा आधारीत रही शिक्षक निर्देशिका तयार गर्ने । | असोज दोस्रो हप्ता सम्म | नगरपालिका शिक्षा शाखा | • नगरकार्यपालिका<br>• विद्यालय |
| ६ | विद्यार्थीका लागि नमूना सिकाई सामग्री तयार गर्ने | • शिक्षा तथा मानव स्रोत विकास केन्द्रलेले असोज मसान्त सम्म तयार पार्ने हयाण्ड-अउट्स/वर्क-वुक्स/अभ्यास पुस्तिका वा परियोजना कार्यको नमूना सामग्रीका आधारमा आवश्यकता अनुसार थप सामग्री विकास तथा छपाई गर्ने | कार्तिक मसान्त सम्म | नगरपालिका शिक्षा शाखा | • नगरकार्यपालिका |
| ७. | सार्वजनिक विद्यालयका शिक्षक र विद्यार्थीबीच सिकाइ सर्म्पक कायम गराउने प्रयोजनका लागि मोबाइल सेवाको Closed User Group (CUG) मा आवद्य गर्ने | • सार्वजनिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी भएका प्रत्येक घरधुरी समेटिने गरी प्रति घरधुरी एउटा सीमकार्ड तथा सो विद्यालयका प्रत्येक शिक्षकको सीमकार्डको फोन नं. संकलन गर्ने ।<br>• प्रत्येक विद्यालयका लागि यी फोन नं. लाई CUG सेवामा आवद्य गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको थप निर्देशन अनुसार कार्य गर्दै जाने । | असोज मसान्त सम्म | मन्त्रालय | नगरपालिका र विद्यालय |
| ८. | विद्यालयमा इन्टरनेट सेवा विस्तार | • नगर भित्रका सबै विद्यालयमा इन्टरनेट सेवाको अवस्था | असोजवाट निरन्तर | केन्द्र, प्रदेश र | • नगर कार्यपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | के कस्तो छ जानकारी लिने ।<br>• इन्टरनेट सेवाको पहुँच नपुगेका विद्यालयमा इन्टरनेट सुविधा पुऱ्याउन कार्ययोजना तयार गरी लागु गर्ने । | | स्थानीय तह | • विद्यालय |
| ९. | प्रत्येक घर परिवारलाई आफ्ना वालवालिकाको सिकाइमा सघन रुपमा सहभागी वनाउने गरी गृह विद्यालय (Home Schooling) को अवधारणा कार्यान्वयन गर्ने | • प्रत्येक परिवारबाट एकजना अभिभावकलाई सिकाई सहजकर्ताका रुपमा छनौट गर्न विद्यालयलाई निर्देशन गर्ने ।<br>• विद्यालयले उक्त अभिभावकलाई विद्यार्थीले स्वअध्यायन गर्ने कार्य तालिका, सिकाइ सामग्री र स्वध्यायनका लागि उपलब्ध माध्यमको वारेमा प्रत्यक्ष भेटेर वा अन्य माध्यमबाट अभिमुखिकरण गर्ने<br>• विद्यालयले नियमित रुपमा विद्यार्थीको सिकाइ सम्वन्धमा सहजीकरण र रिपोर्टिङग गर्ने । | असोज तेस्रो हप्ता देखि निरन्तर | स्थानीय तह र विद्यालय | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| १०. | विद्यार्थीको स्रोत साधनमा पहुँचको अवस्था र सिकाइ अवस्था समेतका आधारमा शिक्षक मार्फत विद्यार्थीको सिकाई सहजीकरण | • विद्यार्थीको सुविधा पुगे नपुगेको सम्वन्धमा वर्गीकरण सहितको तथ्यांकका आधारमा साप्ताहिक तथा मासिकरुपका शिक्षकले सिकाइ सहजीकरणको योजना तयार गरी प्रधानाध्यापकलाई वुझाउने । सो को कार्यान्वयनको अवस्था प्रधानाध्यापकले सुनिश्चित गर्ने । सहजिकरण योजनाका वारेमा विद्यार्थीका अभिभावक र विद्यार्थीलाई जानकारी गराउने ।<br>• शिक्षकले परिवेश अनुसार Online-Learning, श्रव्य-दृश्य वा श्रव्य सामग्री उपलब्धता/तथा प्रसारणको वारेमा विद्यार्थीलाई जानकारी गराउने । क्रं.सं. ५र ६ वमोजिम विकास गरिएका सिकाई सामग्री प्रयोग गरी सिकाई सहजीकरण गर्ने ।<br>• शिक्षकले विद्यालयमा बसी थप सिकाइ सामग्री तथा प्रत्येक हप्ताको लागि गृहकार्य तयार विद्यालयको सहयोगमा विद्यार्थी सम्म पुऱ्याउने ।<br>• प्रत्यक्ष वा वैकल्पिक विधिवाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु र शिक्षकको निर्देशन र वैकल्पिक विधिबाट सहजिकरण गरिने विषयवस्तुलाई विद्यार्थी केन्द्रित गराउन वैकल्पिक विधिका अलावा प्रत्यक्ष सम्पर्क कक्षा | असोज तेस्रो हप्ता देखि निरन्तर | विद्यालय | • नगर कार्यपालिका<br>• स्थानीय तह कोभिड संक्रमण व्यवस्थापन समिति,<br>• शिक्षा शाखा<br>• वडा समिति |



यज्ञ पुरी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | सञ्चालन ढाँचा पनि अवलम्वन गर्न सकिनेछ । देहायको मापदण्ड र व्यवस्थापनका आधारमा प्रत्यक्ष सम्पर्क कक्षा सञ्चालन गरिनेछ :<br>क) बैकल्पिक विधिवाट सहजिकरण गर्न सम्भव नहुने विद्यार्थी प्रमुख प्राथमिकतामा रहनेछन् ।<br>ख) सात फुट भन्दा कम लम्बाई भएका डेस्क/वेञ्चमा दुई जना विद्यार्थी राख्न पाइने छैन रयसरी रख्दा प्रति कक्षा २० जना भन्दा वढी विद्यार्थी राख्न पाइने छैन । ज्वरो मापन यन्त्र (थर्मल गन), हात धुने सावन पानी, सेनिटाइजर, मास्क लगाएतको सुरक्षा सावधानी व्यवस्था अनिवार्य रुपमा अपनाउने ।<br><br>ग) विद्यालयको शौचालय, खानेपानी आदी सेवालाई सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्नेछ ।<br>घ) सम्पर्क कक्षा सञ्चालन गर्न पुर्व अभिभावक, सम्वन्धित वडाको जनप्रतिनिधि र शिक्षक स्टाफ समेतको छलफलवाट निर्णय गर्नुपर्नेछ ।<br>ङ) सम्पर्क कक्षा वढीमा तीन घण्टा भन्दा वढी विद्यालयमा विद्यार्थी नराख्ने गरी व्यव्स्थापन गर्नुपर्नेछ ।<br>च) सम्पर्क कक्षा सञ्चालन गर्दाको क्रममा कुनै विद्यार्थीको अभिभावक घर, छिमेक वा विद्यार्थी स्वंयलाई कोरोना संक्रमण देखिएमा टोल शिलगर्नु पर्ने, वडा शिल गर्नुपर्ने वा सम्वन्धित विद्यार्थीको सम्पर्क कक्षा अवरुद्ध गर्ने विषय सम्वन्धित वडा समितिको निर्णयानुसार गर्नुपर्नेछ । वडा समितिले गरेको निर्णय २४ घण्टा भित्र नगरपालिका कोभिड संक्रमण व्यवस्थापन समितिमा र शिक्षा शाखामा बुझउनु पर्नेछ । संक्रमित विद्यार्थीको स्वास्थ्य हेरचाह र उपचारमा नगरपालिकाले उच्च प्राथमिकता दिनेछ ।<br>छ) यस सम्वन्धमा आकस्मिक रुपमा केन्द्र, प्रदेश र स्थानीय सरकारवाट हुने निर्देशन तथा निर्णयानुसार गर्दै जानुपर्नेछ । | | | |



यज्ञ पुरी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | प्रारम्भिक वाल विकास शिक्षा सञ्चालन तथा सहजी | • अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने<br>• Home Schooling गर्ने | असोज तेस्रो हप्ता देखि निरन्तर | विद्यालय | नगरपालिका शिक्षा शाखा |
| १२. | भाषा कक्षा, परामर्श कक्षा, पूर्वतयारी कक्षा सञ्चालन सम्वन्धमा | • वुदां नं १० को मापदण्ड अनुसार हुनेगरी गर्ने, | | | |
| १३. | वहुसारोकारवालासंग समन्वय, सहयोग र परिचालन | • नगरमा क्रियाशील सङ्घ संस्था तथा व्यक्तिको सल्लाह, सुझाव तथा सहयोग लिने गरी छलफल, सम्पर्क तथा समन्वय गर्ने | असोजवाट निरन्तर | शिक्षा शाखा र विद्यालय | नगरपालिका |
| १४. | अनुगमन तथा सहयोग समिति | क) **वडास्तरीय समिति**<br>वडा अध्यक्ष वा वडा समितिले तोकेको सदस्य-संयोजक<br>अभिभावक प्रतिनिधि- १ जना सदस्य<br>वडामा रहेको उच्च विद्यालयको प्र.अं-१ जना सदस्य<br>सेवा क्षेत्र भित्रको स्वास्थ्य चौकीको प्रमुख वा प्रतिनिधिं-१ जना सदस्य<br>वडा स्तरीय टोलविकास संस्थाका अध्यक्ष-१ जना सदस्य<br>वडा वाल सञ्जाल अध्यक्ष वा प्रतिनिधिं-१ जना सदस्य<br><br>ख) **नगरस्तरीय समिति**<br>नगर उपप्रमुख-संयोजक<br>प्रमुख प्रशासकीय अधिकृतं-१ जना सदस्य<br>सामाजिक समिति संयोजकं-१ जना सदस्य<br>नगर शिक्षा अधिकारी वा प्रतिनिधिं-१ जना सदस्य<br>संचारकर्मी मध्येबाटं-१ जना सदस्य<br>स्थानीय तह स्तरीय अभिभावक समिति प्रतिनिधिं-१ जना सदस्य<br>स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधिं-१ जना सदस्य<br>शिक्षक महासंघ प्रतिनिधिं-१ जना सदस्य<br>नगर वाल संजाल अध्यक्ष --१ जना सदस्य | | | |

यज्ञ पुरी
प्रमुख प्रशासकीय अधिकृत